सुनवल नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ | संख्या : ११ | मिति: २०७६/१०/२७

भाग–२

सुनवल नगरपालिका

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६

**प्रस्तावना :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुबिधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची (८) को क्रमसंख्या १६ बमोजिमको कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी सुनवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन ,२०७४ को दफा ४ बमोजिम सुनवल नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम“ सुनवल नगरपालिका ज्येष्ठ नागरिक परिचय-पत्रवितरण कार्यविधि, २०७६” रहेको छ ।

**२. परिभाषा :**

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा :

कं) ‘ऐन’ भन्नाले ज्येष्ठ नागरिसम्बन्धी ऐन, २०६३ लाई सम्झनु पर्दछ ।

ख) ‘नियमावली’ भन्नाले ज्येष्ठनागरिकसम्बन्धीनियमावली, २०६५ सम्झनुपर्दछ ।

ख) ‘नगरपालिका’ भन्नाले सुनवलनगरपालिकाभन्ने सम्झनु पर्दछ ।

ग) ‘नगर कार्यपालिका’ भन्नाले सुनवलनगर पालिकाको निर्वाचित कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

घ) ‘प्रमुख’ भन्नाले सुनवल नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

ङ) 'उपप्रमुख' भन्नाले सुनवल नगरपालिकाको उपप्रमुख सम्झनुपर्दछ ।

च) 'ज्येष्ठनागरिक'भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिमका ६० वर्ष उमेर पुगेका नेपाली नागरिक र ७० वर्ष उमेर पुगेकावरिष्ठ ज्येष्ठ  नागरिकलाई बुझाउँछ र सो शब्दले असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक र एकल ज्येष्ठ नागरिक समेतलाई बुझाउँछ ।

ङ) 'तोकिएको अधिकारी' भन्नाले सनुवल नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत वा निजले ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न तोकेको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

च) 'संरक्षक' भन्नाले ज्येष्ठ नागरिकको पालन, पोषण र संरक्षणकर्ता निजको एकाघरको छोरा, छोरी, पति,पत्नी, बुहारी र नाति, नातिनी समेतलाई जनाउँछ ।

**३. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ माउल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिकसम्बन्धीनियमावली,२०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकलाई परिचय-पत्रदिने व्यवस्थालगायत ज्येष्ठ नागरिक परिचय-पत्रवितरणका आधार हुनेछन् ।

**४. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचानगर्ने र स्थानीयतह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधानद्वारा प्रदत्त ज्येष्ठ नागरिकहरुको हक, अधिकार सुनिश्चितगर्न र ज्येष्ठ नागरिकको वर्गीकरणअनुसार सार्वजनिक सवारीसाधन, सार्वजनिककार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुबिधा र सहयोग सरल रुपमाप्रदानगर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई, सामाजिक सुरक्षा, न्याय, अधिकार र सम्मानप्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप,क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**५. लक्षितवर्ग :**

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुगेका सबै नेपालीनागरिकहरु ।

**६. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१)

बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिमगरिएको छ :

क) साठी वर्ष उमेर पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक ।

**७. परिचय-पत्र वितरणको मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदानगर्न सकिने छ ।

**८. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस कार्यविधिको अनुसूची२बमोजिमहुनेछ । ज्येष्ठनागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**९. परिचय-पत्रवितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्रप्राप्तगर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष निवेदन दिनुपर्ने छ ।

ख) अनुसूची १ बमोजिमको निवेदनमा आफ्नो उमेर खुलेको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्ने छ। यस प्रयोजनको लागि नेपाली नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ ।

ग) परिचयपत्र वितरण गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत व ानिजले तोकेको अधिकृत हुनेछ ।

घ) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

ङ) नेपालीनागरिकताको प्रमाण-पत्रमा यस सुनवल नगरपालिकाबाहेक अन्य स्थानमा स्थायी ठेगाना उल्लेख भएको खण्डमा बसाई सराइको प्रमाण-पत्रवामतदाता

परिचय-पत्रअनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।

च) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपिलिन सम्बन्धित वडाको सिफारिश सहित सुनवल नगरपालिकामा निवेदन पेस गर्नपर्ने छ ।

च) यस पूर्व ज्येष्ठ नागरिकहरुले लिएको परिचय-पत्र यसै कार्यविधि बमोजिम भए गरे सरह मानिने छ ।

**१०. विविध :**

क) यो कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचयपत्रवितरणका सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही सुनवल नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसुची १
## बुँदा नं. ९ को ख संग सम्बन्धित
## परिचयपत्रको निवेदनको ढाचा

मिति .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनवल नगरपालिका
नवलपरासी (ब.सु.पू.)।

विषय : ज्येष्ठ नागरिक परिचयपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७६ बमोजिम म ६० वर्ष पुरा भै सकेको हुँदा ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

निवेदक
नाम, थरः
ठेगानाः
संरक्षकः
पति/पत्नीको नाम, थरः
सम्पर्क नं.
दस्तखतः

**अनुसूची २**

**बुँदा नं. ८ संग सम्बन्धित**

**ज्येष्ठ नागरिक परिचय-पत्रको ढाचा**

फोटो

प.प. नं :-

नाम थरः .......................................... ना.प्र.न.: .........

ठेगाना:जिल्ला नवलपरासी .न.प सुनवल वडा नं.: ........... टोल .........

जन्ममितिः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरु : ..................................

दोस्रो पृष्ठ

citizenship certificate No…………………….

Full Name (In block)…………………………

Date Of Birth…………………………Sex…………

Address..District Nawalparasi, Municipality sunwal Ward No……..

सम्बन्धित व्यक्तिको दस्तखत :

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखत......................

नामथर........................

पद......................

मिति...........................

**कार्यालयको छाप**

**प्रमाणिकरण मिति : २०७५/१०/२७**

**आज्ञाले**

..........................................

**प्रमुख प्रशासकीय अधिकृत**